# धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची–१४
# (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
## आ. ब. २०७९/८० को दोस्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०७९ कार्तिक, मंसिर र पौष )
(२०७९ माघ २९ गते, आर्थिक अभियान दैनिकमा प्रकाशित)

**१. वित्तीय विवरण :**

क. यस कम्पनीको आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण सम्पूर्ण शेयरधनीको जानकारीका लागि धितोपत्र दर्ता निष्कासन नियमावली २०७३ बमोजिम प्रकाशन गरिएको छ ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

१. प्रति शेयर आम्दानी : रु. २४.२२
२ पी. ई. अनुपात : ११२.४१
३. प्रति शेयर नेटवर्थ : रु. १२२.९४
४. तरलता अनुपात : ३.८४

प्रति शेयर आम्दानी अनुपात Annualized गरिएको ।

**२. व्यवस्थापकीय विश्लेषण :**

क. कम्पनीले उत्पादन गरेका Golden Oak र Black Oak उपभोक्ताहरु माझ लोकप्रिय एवं रोजाईमा परेका ब्राण्डहरु हुन् । उक्त ब्राण्डका अतिरिक्त कम्पनीले Blue Oak नामक मदिरा पनि उत्पादन गरी उपभोक्तामा पस्किसकेको यहाँहरुमा अवगत नै रहेको छ ।

ख. उपभोक्ताका माझ पहिचान बनाई सकेका कम्पनीका उत्पादनहरुको नक्कल गर्ने र सक्कली उत्पादनमा प्रयोग भएको बोतल तथा लेवल प्रयोग गर्ने र बिक्री वितरण गर्ने कार्य यस अवधिमा पनि पाईएको छ ।

ग. देशमा देखा परेको आर्थिक मन्दीका कारणले मदिराको व्यवसायमा नै प्रभाव परिरहेको छ । यस प्रभावले कम्पनीबाट उत्पादन भएका मदिराहरुको बिक्री वितरणमा समेत नकारात्मक असर पर्न गएको छ । विभिन्न ब्राण्डका मदिराहरु बजारमा बिक्री वितरणका लागि आउँदा उच्च प्रतिस्पर्धाको जोखिम समेत कम्पनी समक्ष रहेको छ । गत वर्षको यसै अवधिको बिक्री भन्दा यस वर्षको बिक्री १८ प्रतिशतले घट्न गएको छ । कम्पनीको गत वर्षको भन्दा यस वर्षको कर्मचारी खर्च केही घट्न गएको भएता पनि प्रशासनिक खर्चको साथसाथै बिक्री वितरण तथा वित्तीय खर्चहरु बढ्न गएको हुँदा गत वर्षको भन्दा खुद मुनाफामा ह्रास आएको छ ।

घ. सदैव उपभोक्ताको चाहना र बजारको यथास्थितिलाई मध्यनजर गरी कम्पनीले गुणस्तरयुक्त मदिराहरु उत्पादन गर्ने लक्ष्य लिएको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण :**

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाडौंमा केही व्यक्तिले नियुक्ती पाऊँ भनी किर्ते जालसाजी कागज बनाई मुद्दा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंशिक वादी दाबी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी इजलास बिरगन्जमा पुनरावेदन गरेको थियो । सम्मानित उच्च अदालत, जनकपुर अस्थायी इजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आएको । सोही मुद्दासँग सम्बन्धित विषय श्रम अदालत काठमाडौंमा मुलतवी रहेकोमा सो जागी त्यहाँबाट निवेदकहरुको पक्षमा निर्णय प्राप्त भएको छ । सो निर्णय उपर चित्त नबुझी कम्पनीले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेशण लगायतको आदेश जारी गरी पाउन रिट निवेदन दायर गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न रिट जारी भएको हुनाले उक्त मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा रहेको छ ।

ख. आर्थिक ऐन २०७७ ले अन्तः शुल्क ऐन, २०५८ को दफा ४(ङ) मा कायम गरिएको संशोधित दफा "मदिरा, बियर वा सूर्तिजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्तो वस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगले ...........त्यस्तो उत्पादन बिक्री गर्दा छुट दिन पाइने छैन" भन्ने व्यवस्था उपर यस कम्पनीले मूल्य अभिवृद्धि कर विजकमा छुट दिन पाउने कि नपाउने ? भनी आन्तरिक राजस्व विभागका महानिर्देशक समक्ष पूर्वादेश माग गरेकोमा अन्तः शुल्क ऐनको उल्लेखित संशोधित व्यवस्थामा निहित भएर मात्र पूर्वादेश प्राप्त भएकोले सो पूर्वादेश उपर चित्त नबुझी श्री राजस्व न्यायाधिकरण, काठमाडौंमा पुनरावेदन गरिएको । सो पुनरावेदनमा त्यहाँबाट यस उद्योगले माग गरेको मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीको व्यवस्था अनुसार छुट पाउने नपाउने सम्बन्धमा केही नबोली भएको निर्णय त्रूटीपुर्ण देखिदा वदर गरी निवेदकको पूर्वादेश माग गरेका सबै विषयमा जे जो गर्नु पर्ने गरी पूर्वादेश सम्बन्धी निर्णय गर्नु भनी आन्तरिक राजस्व विभागमा नै फाईल फिर्ता गरेको विषयमा समेत हाल सम्म कुनै निर्णय प्राप्त नभएको जानकारी गराउँदछौं ।

ग. आ.व. २०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा चलिरहेकोमा सो मुद्दामा कानुन व्यवसायीद्धारा वहस पैरवीको कार्य समाप्त भएकोले नि.सु.को प्रकृयामा रहेको छ ।

घ. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूला करदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषयमा चित्त नबुझी आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा सो विषयहरुमा यस त्रैमासिक अवधि सम्म पनि निर्णय भएको जानकारी प्राप्त नभएको ।

ङ. कम्पनीको आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०१ वमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशबाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको व्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नबुझी आयकर ऐन,२०५८ को दफा ११५ बमोजिम प्रशासकीय पुनरावलोकन गरिएको छ ।

च. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधिमा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्दा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

**४. यस संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :**

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोवार हुने गरेको छ ।

ख. यस दोस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ । (श्रोतः www.nepalstock.com.np )

अधिकतम् मूल्य रु. ४,३२३.००
न्यूनतम् मूल्य रु. २,५६९.१०
कारोबार दिन ५२

**५. समस्या तथा चुनौती :**

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. समग्र व्यवसायमा चालु पूँजीको अभाव, बैंकले प्रवाह गर्ने ऋण रकम उपलब्ध गराउने कार्यमा ढिलाई, ब्याजदरमा उच्च बृद्धि, बजारमा नयाँ नयाँ स्वादमा विभिन्न ब्राण्डका मदिराहरुको आगमनका कारण उच्च प्रतिस्पर्धाको अवस्था, व्यवसायमा लगानी कम एवं उपभोक्ताको क्रय शक्तिमा समेत कमी आएका कारणवाट समग्र मदिरा व्यवसायको कारोबार नै घट्न गएको छ ।

ख. बजारमा विदेशी विनिमय दरमा भएको उतार चढावले नेपाली रुपैयाको सटही दरमा वृद्धि हुन जाने भएकाले भारत तथा तेस्रो मुलुकबाट आयात गरिने कच्चा पदार्थहरुको मूल्य स्वभाविक रुपमा बढ्न जाने र यसले उद्योगवाट उत्पादन हुने वस्तुको लागत मूल्यमा समेत प्रभाव पर्न गएको छ ।

ग. विदेशी मुद्राको संचितिमा चाप, बैंक ब्याजमा उच्च बृद्धि र उपभोक्ताको क्रय शक्तिमा आएको ह्रास आदि कारणले मदिराको बिक्री वितरणमा प्रभाव पर्न गएको र कालान्तरमा पनि प्रभाव पर्न जाने देखिएको छ ।

घ. कम्पनीवाट उत्पादन भएका Golden Oak र Black Oak नामक मदिराको बिक्री वितरणलाई प्रभाव पार्न, उपभोक्तालाई भ्रममा पारी आफूलाई आर्थिक फाईदा लिनका लागि बजारमा उस्तै लेवल, बोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरको मदिरा उत्पादन गर्ने कार्यले निरन्तरता पाउँदा कम्पनीका उत्पादनहरुको बिक्री वितरणमा प्रभाव रहेको पाईन्छ ।

**६. संस्थागत सुशासन :**

स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी लेखा परीक्षण गर्ने कार्यलाई अघिल्ला त्रैमासिकमा जस्तै यस त्रैमासिक अवधिमा पनि निरन्तरता दिएको, कारखानामा उत्पादन हुने वस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखी दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, समय समयमा तालिका बनाई आन्तरिक रुपमा पनि उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत कच्चा पदार्थहरुको पनि निरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको कोटेशन माग गर्ने, मूल्य र सामानको गुणस्तर आदिको अध्ययन, अनुसन्धान, परीक्षण आदि गरेर मात्र गर्ने गरेका छौं । उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य गर्नका लागि उद्योग सदैव सचेत रहेको, कारखानाको उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने कार्य गर्ने गरिएको साथै सके सम्म गुणस्तरलाई ध्यानमा राखि खरिद गर्ने वस्तुको मूल्यलाई सके सम्म व्यवस्थित गर्दै गई रहेको हुनाले कम्पनीको आर्थिक अवस्था सुदृढ हुन जानेमा विश्वस्त रहेका छौं । यस उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखि आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी प्रस्तुत शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट अधिकतम् कार्य गर्ने प्रयास गरेका छौं ।

**७. सत्य तथ्य सम्बन्धमा निमित्त मुकायम प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :**

यस दोस्रो त्रैमासिक अवधिको प्रतिवेदनमा उल्लेखित विवरणहरुको स्पष्टता र सत्यता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । मैले जाने बुझे सम्म यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि कुनै पनि आर्थिक विवरण तथा जानकारीहरु नलुकाइएको व्यहोरा समेत यहाँहरु समक्ष अवगत गराउँदछु ।

## Unaudited Statement of Financial Position for the Quarter Ended on 30th Poush 2079

| Particulars | This Quarter Ending (Rs.) | Upto Previous Quarter Ending (Rs.) | Corresponding Previous Year Quarter Ending (Rs.) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, plant and equipment | 476,704,022 | 486,286,324 | 494,094,940 |
| b) Capital work-in-progress | - | - | 44,596 |
| c) Intangible assets | 778,378 | 821,516 | 201,783 |
| d) Right to use assets | 9,718,444 | - | - |
| e) Investments | 101,100,000 | 101,100,000 | 69,000,000 |
| f) Other non-current assets | 41,196,142 | 20,193,142 | 20,193,142 |
| **Total Non-Current Assets** | **629,496,985** | **608,400,982** | **583,534,461** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 407,101,221 | 296,828,002 | 319,202,896 |
| b) Financial assets | | | |
| Trade receivables | 2,537,476,137 | 2,498,619,550 | 1,913,983,407 |
| Cash and cash equivalents | 88,754,101 | 388,975,564 | 30,151,994 |
| c) Other current assets | 207,030,325 | 97,194,204 | 303,119,694 |
| **Total Current Assets** | **3,240,361,785** | **3,281,617,320** | **2,566,457,992** |
| **TOTAL ASSETS** | **3,869,858,770** | **3,890,018,302** | **3,149,992,453** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share capital | 2,429,566,650 | 1,518,479,156 | 1,518,479,156 |
| b) Other equity | | | |
| Reserves and surplus | 557,458,308 | 1,543,367,650 | 731,918,890 |
| **Total Equity** | **2,987,024,958** | **3,061,846,807** | **2,250,398,047** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial liabilities | | | |
| Borrowings | - | - | - |
| Lease Payables | 7,353,871 | - | - |
| b) Deferred tax liabilities | 31,725,666 | 32,817,279 | 35,620,944 |
| **Total Non-Current Liabilities** | **39,079,537** | **32,817,279** | **35,620,944** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | 150,000,000 | 724,594 |
| Trade payables | 285,711,577 | 238,964,611 | 242,914,287 |
| Other financial liabilities | 211,459,658 | 70,320,752 | 255,291,602 |
| Lease Payables | 3,440,672 | - | - |
| b) Other current liabilities | 343,142,368 | 265,756,198 | 346,028,415 |
| c) Current tax liabilities (net) | - | 70,312,655 | 19,014,565 |
| **Total Current Liabilities** | **843,754,275** | **795,354,217** | **863,973,463** |
| **TOTAL EQUITY AND LIABILITIES** | **3,869,858,770** | **3,890,018,302** | **3,149,992,453** |

## Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 30th Poush 2079

| Particulars | Upto This Quarter (Rs.) | Upto Previous Quarter (Rs.) | Corresponding Previous Year Quarter (Rs.) |
|---|---|---|---|
| Gross Revenue from Operations | 2,768,109,669 | 1,562,112,433 | 3,375,563,259 |
| Less: excise duties | 1,155,228,753 | 626,643,877 | 1,361,651,570 |
| Less: VAT | 318,455,095 | 179,712,050 | 388,339,136 |
| Less: cost of goods sold | 420,238,353 | 243,617,185 | 509,782,788 |
| Less: manufacturing expenses | 75,185,064 | 42,110,182 | 86,736,272 |
| **Gross profit** | **799,002,405** | **470,029,138** | **1,029,053,493** |
| Other operating income | 6,145,867 | 3,411,903 | 1,071,983 |
| **Total income from operations** | **805,148,271** | **473,441,041** | **1,030,125,476** |
| Employee benefit expenses | 110,889,086 | 66,995,586 | 140,575,964 |
| Administration and other expenses | 35,163,262 | 19,625,594 | 33,659,237 |
| Selling and distribution expenses | 234,405,982 | 83,044,693 | 208,780,613 |
| **Operating profit** | **424,689,941** | **303,775,168** | **647,109,662** |
| Depreciation and amortisation | 27,263,298 | 13,016,476 | 25,715,831 |
| Finance costs | 1,933,047 | 1,147,003 | 281,477 |
| **Profit before tax** | **395,493,596** | **289,611,690** | **621,112,354** |
| Income tax expenses | 101,230,552 | 73,850,981 | 158,383,650 |
| **Profit for the year** | **294,263,044** | **215,760,709** | **462,728,703** |
| **Other comprehensive income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other comprehensive income** | - | - | - |
| **Total comprehensive income for the year** | **294,263,044** | **215,760,709** | **462,728,703** |
| **Earning per equity share** (face value of Rs. 100 each) | | | |
| Basic EPS* | 24.22 | 35.52 | 38.09 |
| Diluted EPS* | 24.22 | 35.52 | 38.09 |

## Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 112.41 | 96.00 | 117.77 |
| Net Worth Per Share | 122.94 | 201.64 | 148.20 |
| Liquidity Ratio | 3.84 | 4.13 | 2.97 |

**Notes:**

Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)

* Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

**हिमालयन डिष्टिलरी लिमिटेड,**
विरगंज महानगरपालिका वडा नं. - २१,
लिपनि विर्ता, पर्सा, नेपाल